नेपाल नगरपालिका संघ
उत्कृष्ट नगरपालिका छनौट
प्रश्नावली फारम, २०८२

## प्रश्नावली भरेर विवरण पठाउँदा पालना गर्नुपर्ने विधि :-

१. अनलाइन प्रश्नावलीमा रहेका क, ख र ग मध्ये कुनै एक कोठामा चिन्ह लगाउनु पर्नेछ ।
२. सम्पादन गरेको काम र प्रतिफल पुष्ट्याइँ गर्ने कागजात अनिवार्य अपलोड गर्नुपर्नेछ ।
३. प्रश्नावली अनलाइन पोर्टलमा भरिसकेपछि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी नगरपालिकाको छाप सहित सूचनामा उल्लिखित मिति भित्र अपलोड गर्नुपर्नेछ।
४. अनलाइन प्रश्नावलीमा थप स्पष्ट हुन परेमा फोन, इमेल मार्फत संघको केन्द्रीय कार्यालयको सम्पर्क व्यक्तिबाट थप जानकारी लिन सकिने छ ।

## १. संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासन (पूर्णाङ्क २०)

१. समग्र नगरपालिकाको संगठन त□ व्यवस्थापन सर्वेक्षणको स्थिति र कर्मचारीको कार्यविवरणको अवस्था

(क) संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरेको ☐ ० अंक

(ख) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी सो बमोजिम कार्य विवरण तयार गरेको ☐ १ अंक

(ग) स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार दरबन्दी कायम गरी कार्य विवरण कार्यान्वयन भएको ☐ २ अंक

(आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख) **O&M** को प्रति (ग) **O&M** को प्रति प्रदेश किताबखानामा दर्ता भएको वा पेश गरिएको

२. नगरपालिका, अन्तर्गतका कार्यालय, सेवा केन्द्र र विद्यालयको विद्युतीय शासन, आधारभूत सूचना सम्प्रेषण

(क) विद्युतीय सुशासन प्रविधि कार्यान्वयन नगरी परम्परागत कागजातको रुपमा (manually) कार्यालयमा अभिलेख रहेको ☐ ० अंक

(ख) सेवा प्रवाहलाई पहुँच योग्य तथा छिटो छरितो बनाउन आधारभूत सेवाहरुमा नवीनतम प्रविधि सुरु गरी Digitilized गरिएको ☐ १ अंक

(ग) सेवा प्रवाहलाई सहज र छरितो बनाउन विद्युतीय शासनको उच्चतम प्रयोग, सूचना सम्प्रेषण एवं अद्यावधिक गरि Digitilized गरिएको ☐ २ अंक

( आधार/प्रमाणहरु : (**Apps, Softwares, Online** सेवाहरु, राजस्व संकलन, भुक्तानी प्रणाली, कागजातको अभिलेख, सूचना सम्प्रेषणको प्रमाणहरु, अद्यावधिक **website** )

३. गत आ.व. (२०८१/८२) मा कुल अनुमानित आन्तरिक आयको तुलनामा य□ा□ आन्तरिक आयको अवस्था

(क) ७५ प्रतिशत भन्दा कम ☐ ० अंक

(ख) ७५ प्रतिशत देखि ८५ प्रतिशत ☐ १ अंक

(ग) ८५ प्रतिशत भन्दा बढी ☐ २ अंक

**(**आधार/प्रमाणहरु **:** **(**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** गत आ.व. **(**२०८१/८२**)** को **SUTRA** को विवरण, आलेप प्रतिवेदन **)**

४. आ.व. **(**२०८१/८२**)** को बजेट विनियोजनमा, पूँजीगत खर्च प्रतिशत आ.व. ८०/८१ को र नगरपालिकाको कुल खर्चमा बेरुजुको प्रतिशत

(क) बजेट पारित भई, पूँजीगत बजेटको ५० प्रतिशत भन्दा कम खर्च गरेको तथा अन्तिम लेखा परीक्षणमा २ प्रतिशत भन्दा बढी बेरुजु देखिएको ☐ ० अंक

(ख) बजेट पारित भई, पूँजीगत बजेटको ५० भन्दा बढी ७० प्रतिशत सम्म खर्च गरेको तथा

अन्तिम लेखा परीक्षणमा १ देखि २ प्रतिशत सम्म बेरुजु देखिएको ☐ १ अंक

(ग) बजेट पारित भई, पूँजीगत बजेटको ७० भन्दा बढी खर्च गरेको तथा अन्तिम लेखा परीक्षणमा १ प्रतिशत भन्दा कम बेरुजु देखिएको ☐ २ अंक

**(** आधार/प्रमाणहरु **:** **(**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** आ.व. २०८०/८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन, बजेट विनियोजन र खर्चको **SUTRA** को विवरण **)**

५. नगरपालिकाले गठन गरेका सभा र कार्यकारिणी समितिमा सामाजिक समावेशिताको अवस्था **(**दलित/महिला/अल्पसंख्यक/ लोपोन्मुख जातिको प्रतिनिधित्व**)** कस्तो छ?

(क) सबै समितिहरु समावेशी छैनन् ☐ ० अंक

(ख) आंशिक समितिहरु समावेशी रहेका ☐ १ अंक

(ग) सबै समितिहरु समावेशी रहेका ☐ २ अंक

**(** आधार/प्रमाणहरु **:** **(**क**)** प्रमाण नचाहिने **(**ख**)** कम्तीमा ५ वटा मूल समितिहरु गठन गरिएको अभिलेख र समितिहरुको निर्णय पुस्तिका **(**ग**)** कम्तीमा १० वटा मूल समितिहरु गठन गरिएको अभिलेख र समितिहरुको निर्णय पुस्तिका **)**

६. आर्िक वर्ष २०८१/८२ मा नगरपालिकाबाट नगरवासी त ा सरोकारवालाहरु समेतको सहभागितामा नगरस्तरिय सार्वजनिक त ा सामाजिक परिक्षण आयोजना कति पटक गरिएको ियो?

(क) १ पटक पनि नभएको ☐ ० अंक

(ख) १ पटक सार्वजनिक तथा सामाजिक परिक्षण गरी उठेका सवालहरुको सम्बोधन गरेको ☐ १ अंक

(ग) त्रैमासिकमा सार्वजनिक तथा सामाजिक परिक्षण गरी उठेका सवालहरुको

सम्बोधन गरेको ☐ २ अंक

**(** आधार/प्रमाणहरु **:** **(**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** सार्वजनिक सुनुवाइ निर्णय पुस्तिका र प्रगति प्रतिवेदन **)**

७. आ.व. २०८१/८२ मा न्यायिक समितिमा परेको प्रतिशत उजुरी फछ्र्यौट प्रतिशत

(क) उजुरीको ७० प्रतिशत भन्दा कम ☐ ० अंक

(ख) उजुरीको ७० प्रतिशत देखि ८५ प्रतिशत सम्म ☐ १ अंक

(ग)उजुरीको ८५ प्रतिशत भन्दा बढी ☐ २ अंक

**( आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख र ग) न्यायिक समितिको आ.व. २०८१/८२ को अभिलेख र प्रगति प्रतिवेदन )**

८. नगरपालिकाको वार्षिक बजेट त□ा कार्यक्रममा आयोजनागत रूपमा पछि बजेट बाँडफाँड गर्ने गरी एकमुष्ठ बजेट राखिएको/नराखिएको

(क) शीर्षक नखुलाई एकमुष्ठ रकम राखिएको ० अंक

(ख) गत आ.व. देखि कुनै शीर्षकमा एकमुष्ठ बजेट नराखिएको १ अंक

(ग) गत २ आ.व. देखि कुनै शीर्षक नखुलाई बजेट एकमुष्ठ नराखिएको २ अंक

**( आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख र ग) कुनै शीर्षकमा अबन्डा नराखिएको )**

९. आ.व. २०८१/८२ मा राष्ट्रिय प्राकृतिक स्रोत त□ा वित्त आयोगको कार्यसम्पादन सूचकमा प्राप्ताङ्क

(क) समग्र नतिजामा ७० भन्दा कम अंक प्राप्त गरेको ० अंक
(ख) समग्र नतिजामा ७० देखि ८५ अंक प्राप्त गरेको १ अंक
(ग) समग्र नतिजामा ८५ भन्दा बढी अंक प्राप्त गरेको २ अंक
**( आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख र ग) आयोगबाट प्राप्त विवरण )**

१०. आ.व. २०८१/८२ को संस्थागत क्षमता स्वमूल्यांकनमा प्राप्त अङ्कभार

(क) समग्र नतिजामा ५५ भन्दा कम अंक प्राप्त गरेको ० अंक
(ख) समग्र नतिजामा ५५ भन्दा बढी ८० अंक प्राप्त गरेको १ अंक
(ग) समग्र नतिजामा ८० देखि भन्दा बढी अंक प्राप्त गरेको २ अंक
**( आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख) र (ग) LISA को अनलाइन पोर्टल विवरण )**

## २. विकास पूर्वाधार व्यवस्थापन (पूर्णाङ्क २०)

११. स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण

(क) नगरपालिकाको लगानीमा स्थानीय कृषि, पशुपंछी बजारको व्यवस्था नभएको ० अंक

(ख) नगरपालिकाको लगानीमा कम्तीमा १ वटा स्थानीय कृषि तथा पशुपंछी बजारको व्यवस्था गरेको १ अंक

(ग) नगरपालिकाको लगानीमा कम्तीमा २ भन्दा बढी स्थानीय कृषि तथा पशुपंछी बजारको

व्यवस्था गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** स्थानीय कृषि त□ा पशुपंछी बजारको सञ्चालन कार्यविधि वा दस्तावेज **)**

१२. एक स्थानीय तह एक औद्योगिक ग्रामको कार्यान्वियन

(क) औद्योगिक ग्राम स्थापनाको लागि प्रक्रिया सुरु नगरेको ० अंक

(ख) औद्योगिक ग्रामको जग्गा यकिन गरी पूर्वाधार निर्माण भएको १ अंक

(ग) औद्योगिक ग्रामको निरन्तर सञ्चालन भएको र रोजगारी समेत दिएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** पूर्वाधार निर्माण भएको फोटो **(**ग**)** औद्योगिक ग्राम सञ्चालन रहेको कागजात

१३. शहरी गरिबी तथ्याङ्क त□ा सूचीकरण

(क) तथ्याङ्क व्यवस्थापन नभएकोले ० अंक
(ख) शहरी गरिबी तथ्याङ्क अद्यावधिक गरिएको १ अंक
(ग) शहरी गरिबी तथा बेरोजगारीको सूचीकरण र लक्षित कार्यक्रम सञ्चालन गरिएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** अद्यावधिक तथ्याङ्क, बेरोजगारीको सूची र वर्गीकरण दस्तावेज **(**ग**)** अद्यावधिक तथ्याङ्क, बेरोजगार जनशक्तिको सूची र वर्गीकरण दस्तावेज, लक्षित कार्यक्रम लागू भएको दस्तावेज, रोजगारी प्रदान गरेको दस्तावेज **)**

१४. आर्□िक सामाजिक रुपमा पछि परेका वर्गका खासगरी महिला त□ा सीमान्तकृतहरुका लागि आय वृद्धि र सीप विकास त□ा उद्यमशीलतामा गरिएको लगानी

(क) कुल बजेटको १ प्रतिशत भन्दा कम विनियोजन भएको ० अंक
(ख) कुल बजेटको १ प्रतिशत बढी १.५ प्रतिशत सम्म विनियोजन भई कम्तीमा १ प्रतिशतले भन्दा बढीले स्वरोजगार तथा रोजगारीको अवसर प्राप्त गरेको १ अंक
(ग) पुँजीगत बजेटको २ प्रतिशत भन्दा बढी विनियोजन भई कम्तीमा २ प्रतिशतले भन्दा बढीले रोजगारीको अवसर प्राप्त गरेको २ अंक

**(** आधार/प्रमाणहरू **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** बजेट विनियोजनको प्रति र स्वरोजगार त□ा रोजगारको तथ्याङ्क **(**ग**)** बजेट विनियोजनको प्रति र स्वरोजगार त□ा रोजगारको तथ्याङ्क **)**

१५. लघु उद्यम, स्थानीय हस्तकला, घरेलु त□ा साना उद्योगको विस्तार र प्रवर्द्धन

(क) आर्थिक वर्ष २०८१/८२ मा ५ प्रतिशत भन्दा कम विस्तार भएको ० अंक
(ख) आर्थिक वर्ष २०८१/८२ मा ५ प्रतिशत भन्दा बढी विस्तार भएको १ अंक
(ग) आर्थिक वर्ष २०८१/८२ मा ७ प्रतिशत भन्दा बढी विस्तार भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** घरेलु त□ा साना उद्योग शाखाको प्रतिवेदन/घरेलु त□ा साना उद्योग कार्यालयको प्रतिवेदन **)**

१६. स्थानीय उत्पादन र आत्मनिर्भरता

(क) कुनै पनि उत्पादनमा आत्मनिर्भर नरहेको ० अंक
(क) कम्तिमा १ वटा स्थानीय उत्पादनमा आत्मनिर्भर रहेको १ अंक
(ग) ३ भन्दा बढी स्थानीय उत्पादनमा आत्मनिर्भर भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** उत्पादन र आत्मनिर्भर रहेको प्रमाण **(**ग**)** उत्पादन, आत्मनिर्भर त□ा निर्यातको प्रमाण **)**

१७. नगरपालिकाको प्रत्यक्ष योगदानमा रोजगारी सिर्जना **(**उपभोक्ता समिति बाहेक**)**

(क) १ प्रतिशत भन्दा कम रोजगारी सिर्जना गरेको ० अंक
(ख) १ प्रतिशत भन्दा बढी ३ प्रतिशत सम्म रोजगारी सिर्जना गरेको १ अंक
(ग) ३ प्रतिशत भन्दा बढी रोजगारी सिर्जना गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** रोजगारी सिर्जना गरेको प्रमाण **(**ग**)** श्रम त□ा रोजगारी सिर्जना गरेको प्रमाण **)**

१८. उत्पादनमूलक सहकारीको संख्या विस्तार

(क) आ.व. २०८१/८२ मा उत्पादनमूलक सहकारीको संख्या वृद्धि नभएको ० अंक
(ख) आ.व. २०८१/८२ मा उत्पादनमूलक सहकारीको ५० प्रतिशत वडामा विस्तार भई समग्र संख्यामा ५ प्रतिशतले वृद्धि भएको १ अंक
(ग) आ.व. २०८१/८२ मा उत्पादनमूलक सहकारीको सबै वडामा विस्तार भई समग्र संख्यामा ५ भन्दा बढी प्रतिशतले वृद्धि भई एक वडा, एक सहकारी एक उत्पादन कार्यान्वयन भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** वडागत उत्पादन मूलक सहकारी संख्या र वृद्धिको तुलनात्मक दस्तावेज **(**ग**)** वडागत उत्पादनमूलक सहकारी संख्या र वृद्धि भई एक वडा, एक सहकारी एक उत्पादन कार्यान्वयन भएको को तुलनात्मक दस्तावेज एवं नियमित नियमनको कागजात **)**

१९. नगरपालिका क्षेत्रमा व्यवसायको संख्या र विस्तार

(क) आ.व. २०८१/८२ मा व्यवसायको संख्या वृद्धि नभएको ० अंक
(ख) आ.व. २०८१/८२ मा व्यवसायको संख्या ५ प्रतिशत सम्म वृद्धि भएको १ अंक
(ग) आ.व. २०८१/ ८२ मा व्यवसायको संख्या ५ प्रतिशत भन्दा माथि वृद्धि भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** व्यवसाय कर र संख्याको तुलनात्मक दस्तावेज **(**ग**)** व्यवसाय कर र संख्याको तुलनात्मक दस्तावेज **)**

२०. आर्थिक, सामाजिक रूपान्तरणका लागि सार्वजनिक, निजी, साझेदारी र सहकार्यमा नगरपालिकाको लगानी

(क) सार्वजनिक, निजी, साझेदारीमा कुनै योजना तथा कार्यक्रम सञ्चालन नभएको ० अंक
(ख) सार्वजनिक, निजी, साझेदारीमा कम्तीमा ३ परियोजना सञ्चालन भएको १ अंक
(ग) सार्वजनिक, निजी, साझेदारीमा ३ भन्दा बढी परियोजना सञ्चालन भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** सार्वजनिक**,** निजी**,** साझेदारीको दस्तावेज र सञ्चालित परियोजना **(**ग**)** सार्वजनिक**,** निजी**,** साझेदारीको दस्तावेज र सञ्चालित परियोजनाहरु **)**

## ३. सामाजिक विकास (पूर्णाङ्क २०)

२१. नगरपालिका अन्तर्गत स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवाको पहुँच

(क) नगरका ५० प्रतिशत भन्दा कम वडामा स्वास्थ्य चौकी पुगेको ० अंक
(ख) नगरका ८० प्रतिशत भन्दा बढी वडामा स्वास्थ्य चौकी रहेको १ अंक
(ग) नगरका ८० प्रतिशत भन्दा बढी वडामा स्वास्थ्य चौकी रहेको र स्वास्थ्य चौकीले निःशुल्क औषधी वितरण सहित प्रवाह गर्नुपर्ने सबै सेवा प्रवाह गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** स्वास्थ्य चौकी**,** दरबन्दी र कर्मचारी विवरण **(**ग**)** स्वास्थ्य चौकी**,** दरबन्दी**,** कर्मचारी विवरण र उपलब्ध सेवा र उपकरणको विवरण **)**

*२२. नगरपालिकामा खोप सेवा प्राप्त गर्ने बालबालिकाको प्रतिशत?*

(क) अनिवार्य गरिएका खोप ८०% भन्दा कम बालबालिकाले प्राप्त गरेको ० अंक
(ख) अनिवार्य गरिएका खोप ८०%–९५% सम्म बालबालिकाले प्राप्त गरेको १ अंक
(ग) अनिवार्य गरिएका खोप ९५% भन्दा बढी बालबालिकाले प्राप्त गर्ने गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** स्वास्थ्य शाखाको अभिलेख**,** प्रतिवेदन **)**

२३. नगरपालिकामा शिक्षामा सबै बालबालिकाको पहुँचको अवस्था ?

(क) विद्यार्थी भर्ना दर ८० प्रतिशत भन्दा कम रहेको र अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर नघटेको ० अंक
(ख) विद्यार्थी भर्ना दर ८०–९० प्रतिशत भई अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% सम्म घटेको १ अंक
(ग) विद्यार्थी भर्ना दर ९० प्रतिशत भन्दा बढी र अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर ५० प्रतिशत भन्दा बढीले घटेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**) EMIS,** शिक्षा शाखाको अभिलेख **)**

२४. नगरपालिका क्षेत्रका समग्र सामुदायिक विद्यालयको **SEE** परीक्षाको नतिजा

(क) आ.व. २०८१/८२ को SEE नतिजामा ५० प्रतिशत भन्दा बढी विद्यार्थीले C+ भन्दा कम ग्रेड ल्याएको ० अंक

(ख) आ.व. २०८१/८२ को SEE नतिजामा ५० प्रतिशत भन्दा बढी विद्यार्थीले B / B ग्रेड भन्दा माथि ल्याएको १ अंक

(ग) आ.व. २०८१/८२ को SEE नतिजामा ४० प्रतिशत भन्दा बढी विद्यार्थीले A / A ग्रेड भन्दा माथि ल्याएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** शिक्षा शाखाको समग्र सामुदायिक विद्यालयको **SEE** नतिजा अभिलेख **)**

*२५. सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित प्रतिशत र बैंक मार्फत भुक्तानी*

(क) लाभग्राही सूचीकृत नभएको तथा बैंक मार्फत भुक्तानी नभएको ० अंक

(ख) लाभग्राही सूचीकृत भई दुई तिहाई सम्मको बैंक मार्फत भुक्तानी भएको १ अंक

(ग) लाभग्राही सूचीकृत भई सबैको बैंक मार्फत भुक्तानी भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** लाभग्राहीको सूची र बैंक स्टेटमेन्ट **)**

*२६. गत आ.व.मा जन्म दर्ता भएका मध्ये ३५ दिन भित्र जन्मदर्ता संख्याको प्रतिशत*

(क) ६० प्रतिशत सम्म ० अंक

(ख) ६० देखि ९० प्रतिशत १ अंक

(ग) ९० प्रतिशत भन्दा बढी २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** घटना दर्ता किताब **)**

२७. बाझो जमिन उपयोग सम्बन्धी नीति निर्धारण गरी खेती योग्य भू-त□ सिँचाई प्रबर्द्धन गर्ने आयोजना कार्यक्रम लागू भएको

(क) कुनै पनि नीति नभएको ० अंक

(ख) नीति स्वीकृत भएको तर सिँचाई प्रबर्द्धन गर्ने आयोजना कार्यक्रम कार्यान्वयन नभएको १ अंक

(ग) स्वीकृत नीति अनुसार सिँचाई प्रबर्द्धन गर्ने आयोजना कार्यक्रमहरूको कार्यान्वयन भएको २ अंक

**(** आधार/प्रमाणहरू **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** स्वीकृत नीतिको प्रतिवेदन **(**ग**)** स्वीकृत नीति अनुसार सिँचाई प्रबर्द्धन गर्ने आयोजनाको प्रतिवेदन **)**

२८. बालमैत्री नगरपालिकाको अवस्था

(क) कुनै पनि वडामा बालमैत्री बनाउने प्रक्रिया सुरु नभएको ० अंक

(ख) बालमैत्री स्थानीय शासनका पूर्वाधार पुरा गरी कम्तिमा ५० प्रतिशत वडालाई बालमैत्री वडा घोषणा गरेको १ अंक

(ग) बालमैत्री स्थानीय शासनका पूर्वाधार पूरा गरी बालमैत्री नगरपालिका घोषणा गरेको २ अंक

**(** आधार/प्रमाणहरु **:** (क) प्रमाण नचाहिने **(**ख**)** बालमैत्री वडा घोषणाको प्रतिवेदन **(**ग**)** बालमैत्री नगरपालिका घोषणाको प्रतिवेदन **)**

२९. पोषण मैत्री स्थानीय शासनको कार्यान्वयन

(क) पोषण मैत्री स्थानीय शासनको प्रारूप कार्यान्वयनमा नरहेको ० अंक

(ख) नगरपालिकाले पोषणमैत्री स्थानीय शासनको प्रारूप कार्यान्वयनमा ल्याई कम्तिमा २५ प्रतिशत वडा पोषण मैत्री वडा घोषणा भएको १ अंक

(ग) नगरपालिकाले पोषणमैत्री स्थानीय शासनको प्रारूप कार्यान्वयनमा ल्याई कम्तिमा २५ प्रतिशत भन्दा बढी वडा पोषणमैत्री वडा घोषणा भएको २ अंक

**(** आधार/प्रमाणहरु **:** **(**क**)** प्रमाण नचाहिने **(**ख र ग**)** पोषण मैत्री स्थानीय शासनको प्रारूप र पोषणमैत्री वडा घोषणाको दस्तावेज **)**

३०. टोल विकास संस्थाको गठन र परिचालन

(क) टोल विकास संस्थाहरु गठन नभएको ० अंक

(ख) सबै वडामा टोल विकास संस्थाहरु गठन मात्र भएको १ अंक

(ग) सबै वडामा टोल विकास संस्थाहरु गठन गरी कार्यक्रम सञ्चालनमा परिचालन समेत गरेको २ अंक

**(** आधार/प्रमाणहरु **:** **(**क**)** प्रमाण नचाहिने **(**ख**)** टोल विकास संस्था गठन भएको दस्तावेज **(**ग**)** टोल विकास संस्था गठन भएको दस्तावेज र बजेट विनियोजन **)**

## ४. सहरी योजना र पूर्वाधार विकास (पूर्णाङ्क २०)

३१. आवधिक योजना/एकीकृत सहरी विकास योजना

(क) Spatial Based आवधिक योजना/एकीकृत सहरी विकास योजना नभएको ० अंक

(ख) Spatial Based आवधिक योजना/एकीकृत सहरी विकास योजना निर्माण भई स्वीकृत भएको १ अंक

(ग) स्वीकृत Spatial Based आवधिक योजना/एकीकृत सहरी विकास योजनाको आधारमा मात्र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको । २ अंक

**(** आधार/प्रमाणहरू **:** **(**क**)** प्रमाण नचाहिने **(**ख**)** **Spatial Based** आवधिक योजना/एकीकृत सहरी विकास योजनाको मस्यौदा प्रति / सम्झौता / सूचना **(**ग**)** **Spatial Based** आवधिक योजना/एकीकृत सहरी विकास योजनाको प्रति र वार्षिक बजेट त□ा कार्यक्रमको प्रति **)**

३२. राष्ट्रिय भवन संहिता र भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन

(क) राष्ट्रिय भवन संहिता र भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन नभएको ० अंक

(ख) नक्सा पास गर्दा राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्ड अनुरूप पास हुने गरेको १ अंक

(ग) नक्सा पासमा e-building permission system (EBPS) लाई पूर्ण रूपमा कार्यान्वयनमा दण्ड र संहिताको पूर्ण पालना भएको २ अंक

( आधार/प्रमाणहरू : (क) नचाहिने (ख) भवन संहिता र मापदण्डको प्रति, नक्सा पासको नमुना प्रति, सेप्टिक ट्या
निर्माण सम्बन्धी पुष्टि गर्ने कागजातको प्रति (ग) भवन संहिता र मापदण्डको प्रति, **e-building permission** पोर्टल, से
ट्याङ्की निर्माण सम्बन्धी पुष्टि गर्ने कागजातको प्रति )

३३. नगर विकास योजनाको लक्ष्य र दिगो विकास लक्ष्य बीच अन्तर सम्बन्ध

(क) नगर विकास योजना र दिगो विकास लक्ष्य बीच अन्तरसम्बन्ध नरहेको ० अंक

(ख) नगर विकास योजना र दिगो विकास लक्ष्य साङ्केतिकरण गरी दुई बीच नीतिगत अन्तरसम्बन्ध रहेको १ अंक

(ग) Integrated Municipal Information system (IMIS) प्रयोग गरी नगर विकास योजना र दिगो विकास लक्ष्य बीच नीति तथा कार्यक्रम, सूचक र स्रोत विनियोजन एवं कार्यान्वयन तहमा अन्तरसम्बन्ध रहेको २ अंक

( आधार/प्रमाणहरु : (क) निर्माण सम्बन्धी पुष्टि गर्ने नचाहिने (ख) नीतिगत व्यवस्थाको प्रति (ग) लक्ष्य सूचक सहितको वार्षिक बजेट त□ा कार्यक्रम )

३४. सडक यातायात योजना र कार्यान्वियनको प्रगति

(क) सडक यातायात गुरु योजना नभएको वार्षिक लक्ष्य निर्धारण भएको ० अंक

(ख) सडक यातायात गुरु योजना अनुसार वार्षिक लक्ष्य निर्धारण गरी ५० प्रतिशत सडक निर्माण भएको १ अंक

(ग) सडक यातायात गुरु योजना अनुसार वार्षिक लक्ष्य निर्धारण गरी ७० प्रतिशत सडक निर्माण भएको २ अंक

( आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख र ग) सडक यातायात गुरु योजना र लक्ष्य सहितको प्रगति प्रतिवेदन )

३५. खानेपानी सेवामा नगरवासीको पहुँच र वर्तमान अवस्था

(क) ६० प्रतिशत भन्दा कम घरधुरीमा एक घर एक धारा खानेपानी सुविधा पुगेको ० अंक

(ख) ६० भन्दा बढी ७५ प्रतिशत सम्म घरधुरीमा एक घर एक धारा खानेपानी सुविधा पुगेको १ अंक

(ग) ७५ प्रतिशत भन्दा बढी घरधुरीमा एक घर एक धारा खानेपानी सुविधा पुगेको र WASH focal person तोकिएको २ अंक

( आधार/प्रमाणहरु : (क) प्रमाण नचाहिने (ख र ग) खानेपानी पहुँच तथ्याङ्क, नगरपालिकाको अध्ययन दस्तावेज र **WASH focal person** तोकिएको पत्र )

३६. नगरपालिका र सबै वडा कार्यालयको आफ्नै स्वामित्वमा भवन भए नभएको

(क) ५० प्रतिशत भन्दा कम वडा कार्यालयको आफ्नै भवन नभएको ० अंक

(ख) नगरपालिकाको तथा ६० प्रतिशत वडामा आफ्नै वडा कार्यालय भवन भएको १ अंक

(ग) नगरपालिका र सबै वडा कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** नगरपालिका र वडा भवनको प्रमाण **(**ग**)** उल्लिखित सेवामैत्री रहेको प्रमाण **)**

३७**.** नगरपालिकाको लगानीमा युवा लक्षित कार्यक्रम र खेलकुद पूर्वाधार **(**खेलकुद मैदान/कभर्ड हल/रंगशाला आदि**)**

(क) नगरपालिकाले युवा लक्षित कार्यक्रम र खेलकुद पूर्वाधारमा लगानी नगरेको ० अंक

(ख) नगरपालिकाको लगानीमा कम्तीमा ३ युवा लक्षित कार्यक्रम र १ खेलकुद पूर्वाधार निर्माण गरेको १ अंक

(ग) नगरपालिकाको लगानीमा कम्तीमा ५ युवा लक्षित कार्यक्रम, २ खेलकुद पूर्वाधार निर्माण भई १ भन्दा बढी नगरस्तरीय प्रतियोगिता आयोजना गरेको २ अंक

**(**आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** युवा लक्षित कार्यक्रम र खेलकुद पूर्वाधारको तस्बिर **(**ग**)** युवा लक्षित कार्यक्रम, खेलकुद पूर्वाधार र खेलकुद प्रतियोगिताको तस्बिर र विवरण **)**

३८. अन्तरपालिका सहकार्य **(IMC)** अवधारणा र अन्तर सरकार समन्वय नीति वा सहकार्य सम्बन्धी अभ्यास

(क) अन्तरपालिका सहकार्य र अन्तर सरकार समन्वयको क्षेत्रमा कुनै कार्य नभएको ० अंक

(ख) अन्तरपालिका सहकार्य र अन्तर सरकार समन्वयको नीति तर्जुमा भएको १ अंक

(ग) अन्तरपालिका सहकार्य र अन्तर सरकार समन्वयका नीति तर्जुमा भई बजेट विनियोजन भई संयुक्त परियोजनाहरू कार्यान्वयनमा आइसकेको २ अंक

**(**आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** अन्तर पालिका सहकार्य र अन्तर सरकार समन्वय अवधारणापत्र, साझा संयन्त्र निर्माण **(**ग**)** अन्तरपालिका सहकार्य र अन्तर सरकार समन्वय अवधारणापत्र, साझा संयन्त्र र साझा परियोजनाहरुको विवरण **)**

३९**.** नगरपालिकाको विपद् जोखिम नक्साङ्कन, योजना तर्जुमा, आकस्मिक कार्यसञ्चालन केन्द्र स्थापना र उद्धार सामग्रीहरु तयारी अवस्था

(क) कुनै व्यवस्था नभएको ० अंक

(ख) विपत् जोखिम नक्साङ्कन भई, आपत्कालीन उद्धार केन्द्र स्थापना भएको १ अंक

(ग) विपद् जोखिम नक्साङ्कन, उद्धार राहत सामग्री सहितको आकस्मिक उद्धार केन्द्र पूर्ण तयारी अवस्थामा रहेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** विपद् जोखिम नक्साङ्कनको प्रति, केन्द्रको भौतिक अवस्था **(**ग**)** विपद् जोखिम नक्साङ्कनको प्रति, केन्द्रको भौतिक अवस्था, उद्धार सामग्रीको स्टक **)**

४०. नगरपालिकाको विपद् व्यवस्थापन कोषको सञ्चालन र विपद् व्यवस्थापन समितिहरुको क्रियाशीलता र व्यवस्थापन

(क) विपद् व्यवस्थापन कोषको व्यवस्था नभएको ० अंक

(ख) विपद् व्यवस्थापन समितिहरु क्रियाशील भई कोष व्यवस्थापन तथा बजेट विनियोजन गरिएको १ अंक

(ग) सबै विपद् व्यवस्थापन समितिहरु क्रियाशील भई कोषमा विनियोजित रकम खर्च गर्ने कार्यविधि बमोजिम निरन्तर व्यवस्थापन भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** विपद् व्यवस्थापन कोष त□ा बजेट विनियोजन **SUTRA** को विवरण **(**ग**)** विपद् व्यवस्थापन कोष त□ा बजेट विनियोजन **SUTRA** को विवरण**,** कार्यविधि र निर्णय पुस्तिका **)**

## ५. वातावरण, संस्कृति र पर्यटन (पूर्णाङ्क २०)

४१. खुला क्षेत्र त□ा हरियाली प्रवर्द्धन

(क) नगरपालिकाको प्रत्येक वडामा एक खुला क्षेत्र र हरियाली पार्क नभएको ० अंक

(ख) नगरपालिकाको प्रत्येक वडामा कम्तीमा एक खुला क्षेत्र, एक हरियाली पार्क तथा गत आ.व.मा २ किमि सडक आसपास वृक्षारोपण गरी हरियाली विस्तार गरेको १ अंक

(ग) नगरपालिकाको प्रत्येक वडामा कम्तीमा २ खुला क्षेत्र, २ हरियाली पार्क तथा गत आ.व.मा ३ भन्दा बढी किमि सडक आसपास वृक्षारोपण गरी हरियाली विस्तार गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** खुला क्षेत्र**,** हरियाली पार्क त□ा वृक्षारोपण गरी विस्तार भएको प्रमाण **(**ग**)** खुला क्षेत्र**,** हरियाली पार्क त□ा वृक्षारोपण गरी विस्तार भएको प्रमाण **)**

४२. वातावरण मैत्री स्थानीय शासनको कार्यान्वयन

(क) वातावरण मैत्री स्थानीय शासनको प्रारूपको कार्यान्वयनको लागि कुनै कार्य नभएको ० अंक

(ख) वातावरण मैत्री स्थानीय शासनको पूर्वाधार पूरा गरी कम्तिमा २५ प्रतिशत वडालाई वातावरण मैत्री वडा घोषणा गरिएको १ अंक

(ग) वातावरण मैत्री स्थानीय शासनको पूर्वाधार पूरा गरी वातावरण मैत्री नगर घोषणा गरिएको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** वातावरण मैत्री स्थानीय शासनको प्रारूप**,** वातावरण मैत्री वडा घोषणाको प्रतिवेदन **(**ग**)** वातावरण मैत्री स्थानीय शासनको प्रारूप**,** वातावरण मैत्री नगर घोषणाको प्रतिवेदन **)**

४३. जलवायु उत्थानशील योजना र कार्यान्वयन

(क) जलवायु उत्थानशील योजना तयार नभएको ० अंक

(ख) जलवायु उत्थानशील योजना तयार गरी स्वीकृत भएको १ अंक

(ग) स्वीकृत जलवायु उत्थानशील योजना कार्यान्वियन भएको २ अंक

**(** आधार/प्रमाणहरु **: (क)** प्रमाण नचाहिने **(ख)** स्थानीय विपद् त□ा जलवायु उत्थानशील योजनाको प्रति **(ग)** स्थानीय विपद् त□ा जलवायु उत्थानशील योजना र कार्यान्वियन कार्ययोजना **)**

४४**.** वन**,** जलाधार**,** सिमसार क्षेत्रको संरक्षण र जल भण्डारण

(क) वन, जलाधार, सिमसार क्षेत्रको संरक्षण तथा जल भण्डारण नगरिएको ० अंक

(ख) वनक्षेत्रको वृद्धि, १ जलाधार, १ सिमसार क्षेत्रको संरक्षण तथा १ जल भण्डारण गरेको १ अंक

(ग) वन क्षेत्रको वृद्धि, १ भन्दा बढी जलाधार, १ भन्दा बढी सिमसार क्षेत्रको संरक्षण तथा कम्तीमा २ जल भण्डारण गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (क)** प्रमाण नचाहिने **(ख)** वन**,** जलाधार**,** जल भण्डारण प्रमाण **(ग)** वन**,** जलाधार**,** सिमसार क्षेत्रको संरक्षण त□ा रिचार्ज पोखरीहरुको वृद्धि सहितको प्रमाण **)**

४५**.** नगरपालिकाको फोहरमैला**,** ढल निकास**,** फोहरपानी**,** दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी तथ्याङ्कीय सूचना त□ा कार्यान्वियन कार्ययोजनाको अवस्था

(क) अद्यावधिक तथ्याङ्क तथा कार्य योजना नभएको ० अंक

(ख) अद्यावधिक तथ्याङ्क तथा कार्य योजना भएको १ अंक

(ग) अद्यावधिक तथ्याङ्क र कार्ययोजनाको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको २ अंक

**(** आधार/प्रमाणहरु **: (क)** प्रमाण नचाहिने **(ख)** फोहरमैला**,** ढल निकास**,** फोहरपानी तय दिसाजन्य लेदो सम्बन्धी अद्यावधिक तथ्याङ्क र कार्ययोजना **(ग)** फोहरमैला**,** ढल निकास**,** फोहरपानी त□ा दिसाजन्य लेदो सम्बन्धी अद्यावधिक तथ्याङ्क र कार्ययोजना**,** सञ्चालित योजना र कार्यक्रमको बजेट सहितको विवरण **)**

४६**.** खानेपानी त□ा सरसफाइ सेवामा **N-WASH MIS** प्रणाली प्रयोगको अवस्था

(क) N-WASH MIS प्रणाली प्रयोग नगरेको ० अंक

(ख) N-WASH MIS प्रणाली प्रयोग गरी कम्तीमा १ वटा आयोजना कार्यान्वयन गरेको १ अंक

(ग) N-WASH MIS प्रणाली लागु भई कम्तीमा ३ वटा आयोजना कार्यान्वयन गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (क)** प्रमाण नचाहिने **(ख)** नगरसभाको निर्णय र प्रणालीमा प्रविष्टि गरेको १ वटा आयोजनाको कार्यान्वयन सम्बन्धी प्रतिवेदन **(ग)** प्रणालीमा प्रविष्टि भएका ३ वटा आयोजनाको कार्यान्वयन सम्बन्धी प्रतिवेदन**)**

४७**.** नगरपालिकाको लगानीमा निर्मित बोटानिकल गार्डेन/हरियाली पार्क सहितको मनोरञ्जन उद्यान

(क) बोटानिकल गार्डेन/हरियाली पार्क सहितको मनोरञ्जन उद्यान नरहेको ० अंक

(ख) बोटानिकल गार्डेन/हरियाली पार्क सहितको मनोरञ्जन उद्यानमा हरेक वर्ष पर्यटकको संख्यामा वृद्धि भएको १ अंक

(ग) बोटानिकल गार्डेन/हरियाली पार्क सहितको मनोरञ्जन उद्यानमा हरेक वर्ष पर्यटकको संख्यामा वृद्धि भई आम्दानी समेत वृद्धि भएको २ अंक

**(**आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** बोटानिकल गार्डेन/हरियाली पार्क सहितको मनोरञ्जन उद्यान र पर्यटक संख्या **(**ग**)** बोटानिकल गार्डेन/हरियाली पार्क सहितको मनोरञ्जन उद्यान**,** तुलनात्मक पर्यटक संख्या र आम्दानी **)**

४८**.** नगरपालिकाको लगानी त□ा सहकार्यमा पर्यटन क्षेत्र विस्तार र पर्यटक संख्या

(क) कुनै पर्यटन क्षेत्रको विकास तथा विस्तार नभएको ० अंक

(ख) पर्यटकीय क्षेत्रहरूको विकास र पर्यटकीय सेवा सुविधा र गुणस्तर विस्तार गरी ५ प्रतिशत भन्दा कम आन्तरिक तथा वैदेशिक पर्यटक आउने गरेको १ अंक

(ग) पर्यटकीय क्षेत्रहरूको विकास र पर्यटकीय सेवा सुविधा र गुणस्तर विस्तार गरी ५ प्रतिशत भन्दा बढी आन्तरिक तथा वैदेशिक पर्यटक आउने गरेको २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** पर्यटकीय क्षेत्रहरुको विवरण त□ा पर्यटक आगमन संख्या ५ प्रतिशत भन्दा कम **(**ग**)** पर्यटकीय क्षेत्रहरुको विवरण त□ा पर्यटक आगमन संख्या ५ प्रतिशत भन्दा बढी **)**

४९**.** नगरपालिकाको सरसफाइ सम्बन्धी गुरुयोजना तर्जुमा त□ा कार्यान्वयनको अवस्था

(क) सरसफाइ सम्बन्धी गुरुयोजना तयार नभएको ० अंक

(ख) सरसफाइ सम्बन्धी गुरुयोजना तयार गरी लागु भएको १ अंक

(ग) सरसफाइ सम्बन्धी स्वीकृत गुरुयोजना बमोजिम कार्यान्वयनमा रहेको ढल प्रशोधन सहितको प्रणाली २ अंक

**(** आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** नगर सरसफाइ सम्बन्धी स्वीकृत गुरुयोजना र सभाको निर्णय **(**ग**)** स्वीकृत गुरुयोजना बमोजिम सञ्चालित आयोजनाको प्रगति प्रतिवेदन**)**

५०**.** नगरको सांस्कृतिक मौलिकता त□ा सौन्दर्यता

(क) नगरको सांस्कृतिक सम्पदा र मौलिकता तथा सौन्दर्यताको कार्य नभएको ० अंक

(ख) नगरको नयाँ संरचनामा निश्चित क्षेत्र तोकी मौलिक पहिचान अनुसार सांस्कृतिक सम्पदा संरक्षण र मौलिकताका कार्यक्रम कार्यान्वयन भएको १ अंक

(ग) नगरको सांस्कृतिक सम्पदा, मौलिकता र सौन्दर्यताबाट आय आर्जन गरेको २ अंक

**(**आधार/प्रमाणहरु **: (**क**)** प्रमाण नचाहिने **(**ख**)** नगरको नयाँ संरचनामा निश्चित क्षेत्र तोकी मौलिक पहिचान अनुसार सांस्कृतिक सम्पदा संरक्षण र मौलिकताका कार्यक्रम कार्यान्वयन भएको प्रमाण **(**ग**)** नगरको सांस्कृतिक सम्पदा**,** मौलिकता र सौन्दर्यताबाट आय आर्जन गरेको प्रमाण**)**

नोट : मा□ प्रश्नावलीमा उल्लिखित विषयहरूका अतिरिक्त त्यस नगरपालिकाबाट गरिएका नवप्रवर्तक कार्यहरू छन् भने सो समेत उल्लेख गरी पठाउन सकिनेछ ।

| | | |
|---|---|---|
| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
| | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

*मिति: २०८२/ /* *कार्यालयको छाप*